आज मिति २०७८ साल जेष्ठ २३ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०७८/२/७ गतेको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : पि.सि.आर. परीक्षण प्रयोगशाला स्थापना सम्बन्धमा ।
प्रस्ताव नं.३ : सहयोगदाताहरुलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४ : कोभिड विरुद्धको खोप सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५ : विपद् व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.६ : आ.ब.२०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम सम्बन्धी सुझाव संकलन सम्बन्धमा ।
प्रस्ताव नं.७ : श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा ।
प्रस्ताव नं.८ : आर्थिक बर्ष २०७८/०७९ को नीति, बजेट तथा कार्यक्रम प्रस्ताव तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९ : विद्यालय एकिकरण एवं तदर्थ विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१० : व्यास नगर युवा परिषद् गठन सम्बन्धमा ।
प्रस्ताव नं.११ : कार्य विवरण तथा मूल्याङ्कनका आधार स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १२ : पशु विकास तर्फको गाई प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं. १३ : प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं १४ : विभिन्न योजनाहरुमा रकम स्थानान्तरण एवं विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं. १५ : ठेक्काको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. १६ : सडक बोर्ड तर्फका थप योजनाहरुको प्रस्ताव तयार गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं. १७ : आइसोलेसन तथा प्रयोगशाला निर्माण सम्बन्धमा ।
प्रस्ताव नं. १८ : बजेट स्थानान्तरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. १९ : घर बहाल कर माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. २० : जिल्ला समन्वय समिति तनहुँलाई रकम उपलव्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं. २१ : पुरस्कार छनौट समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं. २२ : जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं. २३ : जोखिम भत्ता समबन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१ :** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/०२/०७ गतेको वैठकबाट भएका निर्णयहरु र हालसम्मको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समिक्षा गर्दै कार्यान्वियन हुन बाँकी निर्णयहरु कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२ :** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा स्वास्थ्य तथा जनसंख्या शाखाबाट पेश हुन आएको कोभिड-१९ सम्बन्धी पि.सि.आर., संक्रमणको अवस्था, उपचारको अवस्था लगायत कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि यस नगरपालिकाद्वारा हालसम्म भए गरेका सम्पूर्ण गतिविधिहरुका सम्बन्धमा बृहत रुपमा छलफल गर्दै वडा नं.१० स्थित दुम्सी बजारमा स्थापना गरिन लागिएको पि.सि.आर. प्रयोगशालाको भवनको पुर्वाधार निर्माण सम्बन्धी कार्य तथा स्वास्थ्य उपकरणहरु जडान सम्बन्धी कार्यका लागि गण्डकी प्रदेश प्रयोगशालाको परामर्शमा कार्यालयबाट हालसम्म गरिएका निर्माण एवं खरिद सम्बन्धी सम्पूर्ण प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो । साथै छिटो प्रकृयाद्वारा अन्य खरिद एवं निर्माण सम्बन्धी कार्यहरु अगाडी बढाई यथाशक्य छिटो पि.सि.आर.परीक्षण प्रयोगशाला सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३** : प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा वडा नं.१० स्थित दुम्सी बजारमा निर्माण भईरहेको पि.सि.आर. परीक्षण प्रयोगशाला निर्माणका लागि सङ्घीय सरकारको तर्फबाट

रु.२५,००,०००। (पच्चीस लाख रुपैयाँ), गण्डकी प्रदेश सरकारबाट रु.५०,००,०००। (पचास लाख रुपैयाँ), व्यास-११ स्थित सृजनाशिल दिदीबहिनी समुहको तर्फबाट रु.५०,००५। (पचास हजार पाँच रुपैंया), व्यास ३ निवासी श्री बुद्धिकुमार बतासको तर्फबाट रु.११,०००। (एघार हजार रुपैंया) र व्यास नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुद्वारा १ महिना बरावरको सुविधा वापतको रकम सहयोग प्राप्त हुन आएकोले भएकाले सम्पुर्ण सहयोगदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकारबाट उपलब्ध भएको कोभिड-१९ बिरुद्धको भेरोसिल नामक खोप लगाउने कार्यका लागि स्वास्थ्य कार्यालय तनहुँद्वारा गरिएको प्रारम्भिक जानकारी अनुसार यस नगरपालिकालाई प्राप्त हुने खोपको परिमाणलाई मध्येनजर गरी प्राथमिकताको आधारमा क्रमशः ६४ वर्ष, ६३ वर्ष, ६२ वर्ष, ६१ वर्ष र ६० वर्ष पुगेका नगरबासी नागिरकहरुलाई मात्र २०७८/०२/२५ गते नगरपालिका अन्तरगतका प्रत्येक वडाका स्वास्थ्य केन्द्रहरुमा लगाइने र विशेष कारणवश २५ गते वडामा लगाउन छुट भएकाहरुको लागि २०७८/०२/२६ गते व्यास नगरपालिकाको सभा कक्षबाट लगाउने व्यवस्था मिलाउने साथै आवश्यक परिमाणमा खोप उपलव्ध हुन नसकेमा उल्लेखित उमेर समूहका नागरिकहरुलाई खोप उपलब्ध हुनासाथ प्राथमिकतामा राखी खोप लगाउने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५** : प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रको विपद् व्यवस्थापनमा सहजीकरण होस् भन्ने उद्देश्यका साथ वडागत जोखिम क्षेत्रहरुको पहिचान गरी अभिलेखिकरण गर्ने, २०७७ आषाढमा महिनामा आएको बाढी तथा पहिरोबाट भत्किएका घरहरुको ३ दिनभित्र सर्वेक्षण सम्पन्न गर्ने र पीडितहरुको घर निर्माण प्रकृया तत्कालै अगाडि बढाउने, साथै यस बर्ष विपद्बाट पीडित परिवारलाई वडाको सिफारिसका आधारमा तत्काल राहत वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७८/०७९ को बजेट, नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा लैङ्गिक समानताका आधारहरु समेत समावेश हुने गरी मिति २०७८/०२/२८ गतेसम्म Online तथा प्रत्यक्ष रुपमा आवश्यक राय, सुझाव एवं सल्लाह दिन सम्पुर्ण नगरबासी, व्यवसायी, नागरिक समाज, राजनैतिक दल, जनप्रतिनिधिज्यूहरु एवं अन्य सरोकारवालाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७८/०७९ को नीति, कार्यक्रम तथा कार्यक्रम बजेट तर्जुमा सम्बन्धित समितिद्वारा पेश हुन आएको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण सम्बन्धमा १,६३,३२,००,०००। (एक अरब त्रिसठ्ठी करोड बत्तिस लाख रुपैंया) बरावरको आय तथा क्षेत्रगत खर्चको सिमा सम्बन्धी विवरण उपर बृहत रुपमा छलफल गरी यसैका आधारमा आगामी नगरसभामा नीति, कार्यक्रम तथा बजेट पेश गर्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आ.ब २०७८/०७९ को वजेट कार्यक्रम तर्जुमाका लागि तोकिएको श्रोत अनुमान र सिमाको आधारमा २०७८ जेष्ठ मसान्त भित्र सो सम्बन्धी आवश्यक तयारी गरी प्रस्ताव पेश गर्न वजेट तथा कार्यक्रम तर्जुमा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका भित्रका न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई भौगोलिक अबस्थाको समेत विश्लेषण गरी विद्यालय एकीकरण प्रकृया अगाडि बढाउने, दरबन्दी मिलान गर्ने, जेष्ठ मसान्त भित्र विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा भएको प्रगति उपर समिक्षा गरी तोकिएको मिति भित्र व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुको हकमा आषाढ १ गते देखि लागू हुने गरी वडा समितिको समन्वयमा तदर्थ विद्यालय व्यवस्थापन समिति गठनका लागि आवश्यक तयारी गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१० :** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका युवा परिषद्को कार्यकारिणी समितिमा क्रमशः व्यास १ निवासी श्री सुनिल मिश्र, व्यास २ निवासी श्री एलोज श्रेष्ठ, व्यास ११ निवासी

श्री निशा भण्डारी र व्यास ४ निवासी श्री सञ्जु घलेलाई मनोनयन गर्ने र देहाय बमोजिमको ५१ सदस्यीय युवा परिषद् गठन गर्ने निर्णय गरियो ।

| क.स | नाम थर | लिङ्ग | ठेगाना |
|---|---|---|---|
| १. | श्री शैलेश हड्खले | पुरुष | व्यास-१ |
| २. | श्री किरन थापा | पुरुष | व्यास-१ |
| ३. | श्री श्रीराम रानाभाट | पुरुष | व्यास-१ |
| ४. | श्री एन्जिल पन्थ | पुरुष | व्यास-१ |
| ५. | श्री दिनेश विश्वकर्मा | पुरुष | व्यास-१ |
| ६. | श्री जोशन श्रेष्ठ | पुरुष | व्यास-१ |
| ७. | श्रीसविना जमरकट्टेल | महिला | व्यास-१ |
| ८. | श्री गौतम कुमाल | पुरुष | व्यास-१ |
| ९. | श्री पुजा बस्यौला | महिला | व्यास-१ |
| १०. | श्री विजय आले मगर | पुरुष | व्यास-१ |
| ११. | श्री लक्ष्मी भण्डारी | महिला | व्यास-१ |
| १२. | श्री अनिशा पौडेल | महिला | व्यास-१ |
| १३. | श्री प्रवेश चन्द | पुरुष | व्यास-१ |
| १४. | श्री पवित्रा वि.क | महिला | व्यास-१ |
| १५. | श्रीसन्दिप सुनार | पुरुष | व्यास-१ |
| १६. | श्री अनुषा ठकुरी | महिला | व्यास-१ |
| १७. | श्री सुमन खड्का | पुरुष | व्यास-१ |
| १८. | श्री मनिता घर्ती क्षेत्री | महिला | व्यास-१ |
| १९. | श्री किरण श्रेष्ठ | पुरुष | व्यास-१ |
| २०. | श्री हर्षन कायस्थ | पुरुष | व्यास-२ |
| २१. | श्री अञ्जु श्रेष्ठ | महिला | व्यास-२ |
| २२. | श्री रक्षा घिमिरे | महिला | व्यास-२ |
| २३. | श्री विकल श्रेष्ठ | पुरुष | व्यास-२ |
| २४. | श्री सुकता श्रेष्ठ | महिला | व्यास-२ |
| २५. | श्री असिफ अलि शेख | पुरुष | व्यास-२ |
| २६. | श्री सुस्मिता सुनार | महिला | व्यास-२ |
| २७. | श्री अनुप पन्थ | पुरुष | व्यास-३ |
| २८. | श्री शंकर परियार | पुरुष | व्यास-४ |
| २९. | श्री विशाल खत्री | पुरुष | व्यास-४ |
| ३०. | श्री सन्जिता भट्टराई | महिला | व्यास-४ |
| ३१. | श्री इच्छा क्षेत्री | महिला | व्यास-४ |
| ३२. | श्री गौतम परियार | पुरुष | व्यास-४ |
| ३३. | श्री आशिष आचार्य | पुरुष | व्यास-५ |
| ३४. | श्री भुवन दरै | पुरुष | व्यास-५ |
| ३५. | श्री जोहर अलि मिया | पुरुष | व्यास-६ |
| ३६. | श्री मिलन सुनार | पुरुष | व्यास-७ |
| ३७. | श्री सरस्वती न्यौपाने | महिला | व्यास-८ |

| | | | |
|---|---|---|---|
| ३८. | श्री सागर घिमिरे | पुरुष | व्यास-१० |
| ३९. | श्री समुन्द्र ढकाल | पुरुष | व्यास-१० |
| ४०. | श्री उमेश पोखेल | पुरुष | व्यास-१० |
| ४१. | श्री सुन्दर अधिकारी | पुरुष | व्यास-१० |
| ४२. | श्री विनोद सुवेदी | पुरुष | व्यास-१० |
| ४३. | श्री सन्दिप पाठक | पुरुष | व्यास-१० |
| ४४. | श्री आकास खनाल | पुरुष | व्यास-१० |
| ४५. | श्री सिर्जना बि.क | महिला | व्यास-११ |
| ४६. | श्री सम्झना रसाईली | महिला | व्यास-११ |
| ४७. | श्री सन्दिप अधिकारी | पुरुष | व्यास-१२ |
| ४८. | श्री कपिल तिवारी | पुरुष | व्यास-१३ |
| ४९. | श्री सागर पाण्डे | पुरुष | व्यास-१३ |
| ५०. | श्री सुस्मिता राना | महिला | व्यास-१३ |
| ५१. | श्री धन बहादुर थापा | पुरुष | व्यास-१४ |

**निर्णय नं.११ :** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिका विच मिति २०७७/११/२१ गते भएको सम्झौता अनुसार विश्व बैंकको सहयोगमा निर्माण हुने पुर्वाधारहरुको डिजाइन तथा सुपरभिजन गर्ने परामर्शदाता नियुक्त गर्न सम्बन्धित आयोजना अन्तर्गत तयार भई पेश हुन आएको कार्यविवरण (TOR) तथा मुल्याङकनका आधार (Evaluation Criteria) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत पशुपन्छी क्षेत्र तर्फको लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रममा समूह/सहकारी छनौट तथा अनुदान रकम विनियोजन सम्बन्धी आर्थिक विकास समितिबाट सिफारिस भई आए अनुसार देहाय बमोजिम पाँच समूह/सहकारी छनौट गर्ने निर्णय गरियो ।

- लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम (कुल बजेट रू.२१,३३,०००।- खर्च शिर्षक ७७५ अनुदान रकम रू.२०,५०,०००।- बैठक तथा अनुगमन मूल्याङ्कन खर्च रू.८३,०००।-
- प्रत्येक समूह/समितिले कम्तिमा ५० प्रतिशत लागत साझेदारीमा १० वटा गाई खरिद गर्नुपर्ने ।

| क्र. सं. | समूह/सहकारी संस्था | ठेगाना | अनुदान रकम रू. (बढीमा........) |
|---|---|---|---|
| १. | आदर्श कृषक समूह | मोहोरियाटार टोल, व्यास १ | ४,१०,०००।०० |
| २. | पोखरीभञ्ज्याङ्ग दुग्धउत्पादक सहकारी संस्था लि. | पोखरीभञ्ज्याङ्ग व्यास १३ | ४,१०,०००।०० |
| ३. | चारकुने दुग्ध उत्पादक सहकारी संस्था लि. | चारकुने १ | ४,१०,०००।०० |
| ४. | नमुना दुग्ध उत्पादन कृषि समूह | बेलभञ्ज्याङ्ग टोल, १२ | ४,१०,०००।०० |
| ५. | रिस्ती उपत्यका दुग्ध तथा कृषि बाली उत्पादक कृषक समूह | सोतीवेशी, ८ | ४,१०,०००।०० |
| | | **जम्मा :** | **२०,५०,०००।००** |
| **वैकल्पिक** | | | |
| ६. | बेलवास दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १३ | |

**निर्णय नं.१३ :** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१३ तथा वडा नं.९ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत देहाय बमोजिमका २ वटा योजनाहरु चालु आ.व. मा समावेश गरी सञ्चालन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | वडा नं. | रकम |
|---|---|---|---|
| १. | दमौली सुखौरा मोटर मार्गमा पर्ने नाली सरसफाई | १३ | ५,९१,२९१।०० |
| २. | चिसापानी मोटर मार्ग पक्की नाला निर्माण | ९ | ३,००,०००।०० |

**निर्णय नं.१४ :** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडागत वजेटहरु र नगरस्तरीय योजना मध्येबाट सम्बन्धित शिर्षकमा बाँकी वजेटबाट खर्च गर्ने गरी निम्नानुसारका अत्यावश्यक योजना तथा कार्यक्रमहरुमा रकम स्थानान्तरण एवं विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स | योजना शिर्षक | हालको योजना शिर्षक | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | क्रमागत चालु शिर्षक | स्वास्थ्य संस्था स्तरीकरण आयुर्वेद नागरिक आरोग्य क्लिनिक समेत | १२,००,०००।०० | शिर्षक नं ४५ |
| २ | क्रमागत चालु शिर्षक | फोहोर मैला व्यवस्थापन | २,००,०००।०० | शिर्षक नं ४५ |
| ३ | क्रमागत चालु शिर्षक | दैनिक भ्रमण भत्ता | २,००,०००।०० | शिर्षक नं ४५ |
| ४ | मादिनदी एकीकृत विकास योजना | मादिनदी एकीकृत विकास योजना | ५,२५,०००।०० | शोधभर्ना हुने योजनापुँजीगत |
| ५ | पशुपालन तथा तरकारी खेती कार्यक्रम | वोयर वोका शतप्रतिशत अनुदान | ३,००,०००।०० | शिर्षक नं. ५९२ |
| ६ | शान्तिटोल रुम्सीडि खानेपानी योजना, व्यास १३ | थप | ३८,९००।०० | शिर्षक नं १२२ |
| ७ | अनन्त व्यास कर्म गुफा रामरामेश्वर गुरुयोजना निर्माण, व्यास - १० | थप | १,५१,०००।०० | शिर्षक नं ६५ |
| ८ | भोर्लेटार चोकमा ट्राफिक विट निर्माण, व्यास- ४ | नयाँ | ८०,०००।०० | शिर्षक नं १४९ |
| ९ | सेतोगुराँस बाल विकास केन्द्र, कोभिड सर्वेक्षण विश्लेषण | बालबालिका | ३५,०००।०० | शिर्षक नं ५८ |
| १० | दराई भवन पहिरो नियन्त्रण, व्यास- १ | थप व्यवस्थापन | ३,५०,०००।०० | शिर्षक नं ६५ |
| ११ | अडम्पानी टोल, अकला बगैंचा मार्ग ग्राभेल | थप व्यवस्थापन | ३,००,०००।०० | शिर्षक नं १४१ (बाँकी) |
| १२ | विपद् तयारी ६०,४५ र ३० को ह्युम पाइप खरिद | नयाँ | ५,००,०००।०० | पुँजिगत खर्च |
| १३ | विपद् तयारी जाली खरिद | नयाँ | ५,००,०००।०० | पुँजिगत खर्च |
| १४ | मालेबगर बस्ती संरक्षण, व्यास -२ | संरक्षण | १०,००,०००।०० | शिर्षक नं २१६,२१७, २१८ र २११ बाट बांकी |

| | | | | |
|---|---|---|---|---|
| १५ | रानीटारी दुग्ध क्यान खरीद, व्यास -५ | अनुदान | २४,०००।०० | शिर्षक नं ७१ |
| १६ | दुम्सी भतेरी क्षेत्रमा गौ संरक्षण तथा प्राङगारिक मल उत्पादन केन्द्रमा वायोग्यास प्लान्ट निर्माण व्यास- १० | थप व्यवस्थापन | ७३,६७,०५५।०० | रु.७३,६७,०५५।०० मात्र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट सम्बन्धित संस्थालाई भुक्तानी हुने । |
| १७ | बधशालामा बायोग्यास प्लान्ट निर्माण व्यास- ३ | थप व्यवस्थापन | ४,६९,६६३।०० | शिर्षक ८४८ बाट रु.२,००,०००।०० र शिर्षक शोधभर्ना पूंजिगतबाट रु.२,६९,६६३।०० |
| १८ | विपन्न परिवारको लागि जस्ता खरिद व्यास- ५ | थप रकम | २,२७,२६९।०० | रु.१७,००,०००।०० क्रमागत शिर्षकमा विनियोजन भैसकेको । बांकी शोधभर्ना पूंजिगत शिर्षकबाट |
| १९ | कार्यालय परिशर भित्र पार्क, फोहरा लगायतको विविध कार्य | शोधभर्ना | १५,७०,०००।०० | शोधभर्ना पूंजिगत |
| २० | उदय मार्गको बोटेनीकुवा ह्यूम पाइप राख्ने- ५ | कृषि फर्म सम्म ग्राभेल नाला ह्यूम पाइप राख्ने | | शिर्षक ८८ |
| २१ | न्युटन बालक्लव खेल मैदान- १३ | थप | ५०,०००।०० | शिर्षक ३९ |
| २२ | लिलाकुमारी परियार, व्यास- १० | युवा कृषि फाराम | १,००,०००।०० | ५२ |
| २३ | ढाँड दलित बस्ती सुगुर पालन खोर सुधार अनुदान व्यास- ६ | | २,००,०००।०० | ५२ |
| २४ | दलित प्रतिनिधि, सामाजिक अगुवा नेतृत्व तथा क्षमता विकास | | ३,००,०००।०० | ५२ |
| २५ | वडा नं. १२ को शिर्षक ५४४ को रू.४,००,०००।- शिर्षक परिवर्तन | | | |
| | (क) जलबिरे बाँध कुलो मर्मत | | १,००,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | (ख) बलमगरे क्षेत्र संरक्षण रैकर | | १,५०,०००।०० | |
| | (ग) छाब्दी जेष्ठ नागरिक भवन | | ७५,०००।०० | |
| | (घ) राममन्दिर भवजकृतन ट्रस भवन निर्माण देउराली | | ७५,०००।०० | |
| २६ | मानवसेवा आश्रम (जेष्ठ नागरिक समेत) पोखरा खाद्यान्न अनुदान | | ५०,०००।०० | ५० |
| २७ | व्यास दर्पण पुस्तक छपाई (१००० प्रति) | | ३,३३,३५०।०० | ४५ |
| २८ | वडा नं. १ को शिर्षक १५८ को रू.२,००,०००।- मध्ये १,००,०००।- परिवर्तन | | | |
| | (क) पहेली कुवा त्रिशक्ति कृषि मार्गमा कच्ची नाला तथा ग्राभेल गर्ने | | १,००,०००।०० | |
| | (ख) साउने पानी कुवा मार्गमा कच्ची नाला ग्राभेल | | | |
| | (ग) हालको वडा कार्यालय अगाडीको उत्तर तर्फ भरत अधिकारीको घर हुदै भद्रु जाने मार्गमा ग्राभेल | | | |
| २९ | जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | | १,१९,०००।०० | खेलकूद |

**निर्णय नं.१५** : प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा विभिन्न मितिमा सम्झौता भई सञ्चालनमा रहेका योजनाहरु मध्ये उपभोक्ता समितिद्वारा सञ्चालित तथा ठेक्का प्रक्रियाबाट सञ्चालनमा रहेका सम्पूर्ण योजनाहरुको लागि २०७८ जेष्ठ १५ गतेसम्म म्याद थप गरिएकोमा कोभिड १९ को कारण भएको निशेधाज्ञाको कारण निर्माण कार्य अगाडि बढ्न नसकेको अवस्थामा मिति २०७८/३/१५ गते सम्म सम्झौताको म्याद थप गरी योजना सम्पन्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६** : प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा सडक बोर्ड नेपाल शिर्षक अर्न्तगत व्यास नगरपालिका वडा नं.१,२,३,४,५,७ र ११ का सडकहरुको आवधिक मर्मतको लागि बोलपत्र आब्हान भएकोमा ठेकेदार पक्षबाट घटेको रकम बराबरको व्यास नगरपालिका वडा नं.१० र वडा नं.२ को यस अगाडिको बैठकमा निर्णय भै ईष्टिमेटमा समावेश नभएका बाटोको लागत सहितको प्रस्ताव तयार गरी सडक बोर्ड नेपालमा स्वीकृतिको लागि पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७** : प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा स्थापना गरिएको व्यास २ स्थित सामुदायिक आईसोलेसन केन्द्र र व्यास १० स्थित दुम्सीबजारमा निर्माणको पि.सि.आर.प्रयोगशाला स्थापनाको लागि भवन मर्मत तथा निर्माण कार्यमा भएको खर्च रकम प्राविधिकबाट मूल्याङ्कन गराई कोभिड कोषबाट भुक्तानी उपलब्ध गराउने गरी प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१८</u> :** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा चालु प्रकृतिका विभिन्न योजनाहरुमा विनियोजित रकम खर्च हुन बाँकी रहेमा उक्त रकमलाई आवश्यकता अनुसार विपद् कोष र कोभिड कोषमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१९</u> :** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको बजारक्षेत्र भित्र जिल्ला समन्वय समिति तनहुँद्वारा आफ्नो स्वामित्वमा रहेका विभिन्न भवन, घर, जग्गा एवं टहराहरु ठेक्काद्वारा तथा सोझै भाडामा लगाईएको पाइएकाले घर भाडामा लगाए वापत लाग्ने आ.व. २०७६/०७७ देखिको नियमानुसारको १०% घर बहाल कर वापतको रकम यस नगरपालिकामा बुझाउन जिल्ला समन्वय समितिको कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.२०</u> :** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा जिल्ला सभाबाट निर्णय भई माग भए अनुसार यस नगरपालिका प्राकृतिक श्रोत तथा साधनको उत्खनन् एवं विकी वितरणबाट प्राप्त हुने रकम मध्ये रू.३,००,०००।- (तिन लाख) अनुगमन तथा क्षमता विकास सम्बन्धी कार्यक्रमका लागि जिल्ला समन्वय समिति तनहुँलाई उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.२१</u> :** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/१/२२ गतेको निर्णयद्वारा स्थापना गरिएको **व्यास नगरपालिका विकास पत्रकारिता पुरस्कार**द्वारा यस नगरपालिका क्षेत्रमा क्रियाशिल पत्रकारहरु मध्ये यस नगरपालिकाको विकास अभियानको खोजमूलक समाचार संकलन गरी प्रचार-प्रसार कार्यमा सहयोग पुऱ्याउने उत्कृष्ट एक जना पत्रकारलाई आगामी नगरसभाबाट पुरस्कृत गर्नका लागि देहाय बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

(१) प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल – संयोजक
(२) अध्यक्ष (पत्रकार महासंघ, तनहुँ) श्री उज्ज्वल पौडेल – सदस्य
(३) शाखा अधिकृत श्री मेघनाथ आचार्य – सदस्य-सचिव

**<u>निर्णय नं.२२:</u>** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा स्वास्थ्य सेवा तर्फको दरबन्दी अध्यावधिक गरी जनशक्ति व्यवस्थापन गर्ने गरी हाल सेवा करारमा कार्यरत कर्मचारीहरु मध्ये सशर्त अनुदान तर्फबाट तलव भत्ता तथा अन्य सुविधा खाईपाए आएका कर्मचारीहरुलाई सशर्त अनुदान तर्फको रकम नपुग भएमा आन्तरिक श्रोतबाट हाल खाईपाई आएको तलव भत्ता तथा अन्य सुविधा उपलब्ध गराउने साथै आगामी नगर सभाबाट दरबन्दी मिलान गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**<u>निर्णय नं.२३</u> :** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका नगर कार्यपालिकाको मिति २०७८/२/७ गतेको निर्णय नं. ६ द्वारा विद्यमान कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार अभियानमा खटिने खोप कार्यमा संलग्न १४ जना स्वास्थ्यकर्मीलाई मात्र २५% जोखिम भत्ता उपलब्ध गराउने गरी निर्णय भएको तर कतिपय वडाहरुमा एक भन्दा बढी खोप केन्द्रहरु सञ्चालन भएको कारणले स्वास्थ्य तथा जनसंख्या शाखाको सिफारिसमा थप चार जना स्वास्थ्यकर्मीलाई समेत उल्लेखित दरमा नै जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो ।